दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक २२७ | बुटवल | २०८१ साउन २९, गते मंगलबार | नेपाल संवत ११४४ | Tuesday Aug.13, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र
होइन पु-याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन)
फोन:- ०७१५४२५७१


## जंगली च्याउ खाँदा आठ जना बिरामी

गुल्मी । गुल्मीमा जङ्गली च्याउ खाएर एकै घरका आठ जना बिरामी परेका छन् ।

रेसुङ्गा नगरपालिका वडा नम्बर-८ निवासी ६५ वर्षका टोमबहादुर थापा, ६२ वर्षकी दिलकुमारी श्रीस, ३८ वर्षका लक्ष्मण थापा, २९ वर्षका विकास थापा, १० वर्षकी दीपशिखा थापा, १२ वर्षकी बिनिसा थापा, ४२ वर्षकी सिर्जना काउछा र ३९ वर्षकी गीता थापा बिरामी परेको जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रहरी निरीक्षक रामकुमार केसीले बताए ।

रेसुङ्गा सामुदायिक वनबाट ल्याएको जङ्गली च्याउ खाँदा उनीहरू बिरामी परेका थिए । उनीहरुको जिल्ला अस्पताल तम्घास गुल्मीमा सामान्य उपचारपश्चात् थप उपचारको लागि पाल्पा लगिएको जिल्ला प्रहरी कार्यालय गुल्मीले जनाएको छ ।

## शैक्षिक गुणस्तरका कलेज नेपालमै छन् :मुख्यमन्त्री



**लुम्बिनी संवाददाता**
*बुटवल*

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले विश्व बजारको शैक्षिक गुणस्तरसँग प्रतिस्पर्धा गर्न सक्ने क्याम्पसहरू नेपालमै भएको बताएका छन् ।

नवीन औद्योगिक कदरबहादुर रीता माध्यमिक विद्यालय देवीनगरमा कक्षा १२ को परीक्षामा उत्तीर्ण विद्यार्थी सम्मान तथा विद्यार्थी विदेश पलायन नियन्त्रणमा क्याम्पसको भूमिका विषयक अन्तर्क्रिया कार्यक्रममा बोल्दै युवाहरु अध्ययन गर्न विदेश जान नपर्नेमा जोड दिँदै उनले युवा जनशक्तिबाट मात्रै देशको भाग्य र भविष्य बदल्न सम्भव भएकोले स्वदेशमा रहेर विभिन्न काम गर्न सक्ने अवसर भएकोले स्वदेशमा नै रहेर काम गर्न आग्रह गरे । उनले विदेश गएर अनागरिक नहुन आग्रह गर्दै स्वदेशमा नै अध्ययन गर्न आग्रह गरे ।

लुम्बिनी प्रदेशसभा सदस्य गिरिधारीलाल न्यौपानेले देश निर्माणको भविष्य बोकेका विद्यार्थीहरूबाट राष्ट्र निर्माणमा योगदान दिन सुझाव दिँदै प्रदेश सरकारबाट विदेश पलायन रोक्न संस्थागत रुपमा सबै किसिमका सहयोग गर्न तयार रहेको प्रतिबद्धता व्यक्त गरे । बुटवल बहुमुखी क्याम्पसका निमित्त क्याम्पस प्रमुख डा. दुर्गा भुसालले बुटवल बहुमुखी क्याम्पसमा पनि बीएस्सी, बीबीए, बीबीएसका कक्षाहरू पनि सञ्चालन भएको, बीए बीएलबी पनि सञ्चालन गर्ने क्रममा रहेकोले र बुटवलमा धेरै सम्भावना भएकोले स्वदेशमा उच्च अध्ययनतर्फ लाग्न विद्यार्थीहरुलाई सुझाव दिए ।

लुम्बिनी वाणिज्य क्याम्पसका क्याम्पस प्रमुख प्राध्यापक डा. ताराप्रसाद उपाध्यायले कतिपय क्याम्पसहरुले विदेशमा उच्च शिक्षा अध्ययन गर्न उत्प्रेरित गर्ने गरी कोरियन भाषा, जापानिज भाषा कक्षा सञ्चालन गरेर गल्ती गरेको धारणा व्यक्त गरे ।

» बाँकी २ पेजमा

# राजनीतिक खिचातानीले थिचिएको प्रादेशिक अस्पताल

अस्पतालमा मेडिकल सुपरिटेन्डेन्ट र विकास समिति पदाधिकारीविहीन हुँदा प्रशासनिक कार्य प्रभावित भएको छ । राजनीतिक नियुक्तिबाट आउने यी दुवै पदमा सरकार फेरिएसँगै आफू निकटका व्यक्ति ल्याउने खिचातानी बढेको छ । मेसुका लागि ११औं तह आवश्यक पर्ने, तर डा. इन्द्र ढकाल दशौं तहको भएकाले नियुक्ति बदर माग गर्दै मुद्दा परेको छ ।

**आचार्य प्रदीप**
*बुटवल*



बुटवलमा करिब ११० वर्ष पुरानो लुम्बिनी प्रादेशिक अस्पताल यतिबेला व्यवस्थापनरहित जस्तै बनेको छ । लुम्बिनी प्रदेश सरकार मातहमा रहेको यस अस्पतालमा ९ वटा सरकार परिवर्तन हुँदा पटक-पटक परिवर्तन हुने मेसु र अस्पताल विकास समितिले कुनै कामहरु गर्न सकेका छैनन् । राजनीतिक खिचातानीले जिल्लाको बुटवलस्थित लुम्बिनी प्रादेशिक अस्पतालमा प्रशासनिक पदहरु अन्योलमा छन् । लुम्बिनी प्रदेश सरकारको गौरवको आयोजनामा रहेको यो अस्पतालमा अहिले पनि संघ तथा प्रदेश सरकारले अर्बौंको योजना राखेका छन् ।

आठ सयभन्दा बढी कर्मचारी रहेको यस अस्पतालमा लामो समयदेखि विकास समिति अध्यक्ष खाली छ । केही समययता मेडिकल सुपरिटेन्डेन्ट पनि छैनन् । राजनीतिक नियुक्तिबाट आउने यी दुवै पदमा सरकार फेरिएसँगै आफू निकटका व्यक्ति ल्याउने खिचातानी बढेको छ ।

पछिल्लो समय अध्यक्ष र मेसु दुवैलाई अदालतको आदेशबाट काममा रोक लगाएपछि अर्को संकट आइलागेको छ । यही जेठ १८ गते लुम्बिनी प्रदेश सरकारको निर्णयबाट मेसुमा नियुक्त भएका डा.ढकाललाई अस्पतालमै कार्यरत अर्का डाक्टर विष्णु गौतमको निवेदनमा सर्वोच्चले काममा नलगाउन अल्पकालीन अन्तरिम आदेश जारी गरेको हो ।

मुद्दामा लुम्बिनी प्रदेश सरकारलाई पनि विपक्षी बनाइएको छ । मेसु नियुक्त डा. ढकाल १०औं तहका हुन् भने मुद्दा हाल्ने डा. गौतम ११औं तहका हुन् । मेसुका लागि ११ तह आवश्यक पर्ने भन्दै गौतमले ढकालको नियुक्ति बदर माग गरेका छन् ।

डा. गौतमले नेपाल सरकारको मिति २०७८ मंसिर १ गतेको निर्णयअनुसार मेडिकल सुपरिटेन्डेन्ट हुन एघारौं तहको स्थायी डाक्टर हुनुपर्ने उल्लेख भए पनि आफू सोही पदमा अस्पतालमा कार्यरत रहँदारहँदै दशौं तहमा कार्यरत वरिष्ठ कन्सल्टेन्ट अर्थोपेडिक सर्जनलाई नियुक्त गरिएको हुँदा कानुनविपरीत रहेको जिकिर गरेका थिए ।

राजनीतिक दलको दबाबमा कानुन मिचेर ढकाललाई मेसु बनाइएपछि समकालीन र उनीभन्दा माथिल्लो तहका डाक्टरहरु आक्रोशित भएका थिए । अस्पतालको मेसुका लागि योग्य र प्रक्रिया पुगेको डाक्टर गौतममात्रै रहेको बताइन्छ ।

सर्वोच्चले १४ अल्पकालीन अन्तरिम आदेश जारी गरेको भए पनि प्रादेशिक अस्पतालमा १७ गते आदेशको पत्र दर्ता भएको अस्पताल प्रशासनले जनाएको छ । अस्पतालमा यसअघि डा. सुदर्शन थापा मेडिकल सुपरिटेन्डेन्ट रहेका थिए ।

दैनिक प्रशासन हेर्ने र मासिक कार्ययोजना बनाउने तथा आयव्ययमा अनिवार्य हस्ताक्षर गर्ने पदाधिकारीहरु नहुँदा कर्मचारीहरु समेत प्रभावित भएका छन् । प्रदेश सरकारले केही समयअघि मेसुमा नियुक्ति गरेका डा. इन्द्र ढकाललाई सर्वोच्चले काम नगर्न अल्पकालीन अन्तरिम आदेश जारी गरेको थियो । पुरानोबाट काम नहुने भएपछि अहिले अस्पताल मेडिकल सुपरिटेन्डेन्टविहीन भएको छ । प्रदेशका स्वास्थ्य सचिव डा. बासुदेव उपाध्यायले अदालतको आदेशले समस्या पारेको बताउँछन् ।

तत्काल दैनिक काम नरोक्नेगरी मन्त्रीस्तरीय निर्णयबाट मन्त्रालयका स्वास्थ्य निर्देशक डा. विनोद गिरीलाई थप जिम्मेवारी दिइएको छ ।

**विकास समिति समेत अलपत्र**

अस्पताल विकास समिति अध्यक्षको विवाद पनि अदालतमा पुगेर अलपत्र परेको छ । जनस्वास्थ्यसँग जोडिएको विषयमा राजनीतिक प्रतिशोध र द्वन्द्वका कारण लुम्बिनीका सरकारी अस्पतालहरू विकास समितिविहीन बन्दा योजना कार्यान्वयन तथा अस्पताल व्यवस्थापनको काम व्यवस्थित हुन सकेका छैनन् ।

तत्कालीन मुख्यमन्त्री डिल्लीबहादुर चौधरी नेतृत्वको सरकारले अस्पताल विकास समिति गठनसम्बन्धी कार्यविधि नै खारेज गरी नयाँ कार्यविधि ल्याएर आफू निकटका व्यक्तिहरूलाई नियुक्त गरेपछि त्यसअघि रहेका अस्पताल विकास समितिका अध्यक्ष अदालत पुगेका थिए । अस्पताल विकास समिति खारेज गरी नयाँ नियुक्तिको निर्णयलाई कार्यान्वयन नगर्न सर्वोच्च अदालतले अल्पकालिन अन्तरिम आदेश जारी गरेको थियो ।

अदालतको आदेशअनुसार नयाँ नियुक्त अध्यक्षहरूको पद स्वतः खारेज भए पनि त्यसअघि रहेका अध्यक्षहरूलाई समेत काम गर्न कानूनी अधिकार प्राप्त नहुँदा विकास समिति निष्क्रिय रहेका छन् । अदालतबाट पटक-पटक बहसका लागि पेशी सर्दै आएको छ ।

» बाँकी २ पेजमा

# पालिकामा पुगेपछि खस्किएकै हो विद्यालय शिक्षा ?




**केशरराज क्षेत्री**
*बुटवल*

नेपालको संविधान २०७२ ले आधारभूत र माध्यमिक तहसम्मको शिक्षाको सम्पूर्ण अधिकार स्थानीय तहलाई सुम्पेको छ । संविधानको धारा ५७ को उपधारा (४), २१४ को उपधारा (२), २२१ को उपधारा (२) र धारा २२६ को उपधारा (१) बमोजिम अनुसूची ८ मा स्थानीय तहलाई शिक्षाको अधिकार सुनिश्चित गरिएको हो ।

तर, पालिकाहरुलाई अधिकार सुम्पिएसँगै पहिलेको भन्दा शैक्षिक गुणस्तर खस्किदै गएको देखिएको छ । शैक्षिक गुणस्तर खस्किएको ताजा उदाहरण हो, यसवर्षको माध्यमिक शिक्षा परीक्षा अर्थात् एसईईको नतिजा । एसईईमा लुम्बिनी प्रदेशका कतिपय विद्यालयले एउटा पनि विद्यार्थी उत्तीर्ण गराउन सकेनन् । वर्षभरी गरिएको उनीहरुको लगानी बालुवामा पानीजस्तै भयो । स्थानीय सरकारमा विकास भनेकै सडक हो भन्ने सोँचले शिक्षा क्षेत्र ओझेलमा पर्दै गइरहेको शिक्षाप्रेमीहरु सुनाउँछन् ।

विद्यालय तहको शिक्षाको सुधारविना समाजमा दक्ष जनशक्ति उत्पादन गर्न नसकिने शिक्षा विकास तथा समन्वय इकाई प्यूठानका पूर्व प्रमुख शिव पण्डितले बताए । 'पालिकामा पुगेपछि शिक्षाको गुणस्तर विगतको तुलनामा खस्किएकै छ', पण्डितले भने-'अहिले न अनुगमन छ, न त निरीक्षण । कसरी सुध्रिन्छ ?' उनले कतिपय स्थानीय तहले पालिकाको अनुदानमा शिक्षकहरु नियुक्ति गर्नमा मात्रै ध्यान दिएको तर उनीहरुको क्षमता विकासमा चाहिं चासो नदिँदा वर्षेनी गुणस्तर ओरालो लागेको बताए । 'स्वास्थ्यतिरका कर्मचारीहरुले पनि शिक्षा शाखा हेर्ने गरेको देखिन्छ', पण्डितले भने-'सरकारले शिक्षाको गुणस्तर माथि उकास्न ध्यान नदिएको पाइन्छ ।'

संविधानले मावि तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई सुम्पिए पनि स्रोत र साधनले जहिल्यै समस्यामा पार्दा नतिजा राम्रो आउन नसकेको सरुमारानी गाउँपालिका प्यूठानका अध्यक्ष एवं गाउँपालिका राष्ट्रिय महासंघ लुम्बिनी प्रदेशका सचिव झगबहादुर विश्वकर्माले प्रतिक्रिया दिए । 'एउटा विद्यालय बनाउनुपऱ्यो भने करोडौं बजेट चाहिन्छ', विश्वकर्माले भने-'करोडौं लगानी गर्ने क्षमता पालिकाहरुसँग अझैं बनिसकेको छैन । केन्द्र सरकारले अधिकार मात्र दियो तर स्रोतसाधन दिएन ।'

मावि तहको अधिकार केन्द्र सरकार मातहत राख्नुपर्ने मागसहित शिक्षकहरुको पेशागत संगठन लागिरहे पनि अझैं सरकारले सुनुवाइ नगरेको उनले बताए । शिक्षा विधेयक पास नहुँदा शिक्षकहरुको माग अड्किएको छ । स्थानीय तहलाई अधिकार सुम्पिनुको साटो संवैधानिक निकायको रुपमा रहेको शिक्षक सेवा आयोगकबाटै सरकारले शिक्षक नियुक्ती, सरुवा र बढुवाको व्यवस्था गर्नुपर्ने नेपाल शिक्षक महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष कुलप्रसाद लामिछानेले प्रतिक्रिया दिए । 'स्थानीय तहलाई मात्र विद्यालय तहको सम्पूर्ण शिक्षाको अधिकार दिनु हुँदैन्', उनले भने-'संघ र प्रदेश सरकार मातहत पनि राख्नुपर्छ ।' उनले स्थानीय पालिकाहरुमा शिक्षक नियुक्ती, सरुवा र बढुवामा बढी राजनीति घुस्ने भएकाले यसलाई नियन्त्रणका लागि संवैधानिक निकाय नै उपयुक्त बाटो भएको औंल्याए ।

देशभरका शिक्षकहरुको आन्दोलनपछि भएको सम्झौताअनुसार सरकारले ल्याउने भनिएको नयाँ शिक्षा ऐन ल्याउन ढिलासुस्ती हुँदा देशभरका शिक्षकहरुको माग सुनुवाइ नभएको उनको गुनासो छ । हाल शिक्षा ऐन २०२८ अनुसार देशको शिक्षा नीति चलेको छ । २०७३ सालमा संशोधन गरिए पनि त्यसले हाल शिक्षकहरुको माग नसमेटेको लामिछानेले सुनाए । 'सरकार शिक्षकहरुको मागप्रति जिम्मेवार नभएको देखिन्छ', उनले भने-'नयाँ बजेटले पनि प्रावि तहको शिक्षाको ग्रेडवृद्धि, वर्षौंदेखि पढाइरहेका राहत शिक्षकहरुलाई स्थायी बनाउनेलगायत विषयलाई सम्बोधन गरिएन ।'

स्थानीय तहलाई मात्र सम्पूर्ण अधिकार सुम्पिदा शैक्षिक गुणस्तर झनै कमजोर बन्दै जाने उनले प्रतिक्रिया दिए । स्थानीय तहले पनि शिक्षा क्षेत्रको गुणस्तरका लागि ध्यान नदिएको उनको भनाइ छ । 'योग्यताअनुसारका शिक्षक छैनन्', उनले भने-'भए पनि उनीहरुको क्षमता विकास छैन ।' सरकारले जुन क्षेत्रलाई सवल बनाउनुपर्ने हो त्यही क्षेत्रलाई छायाँमा पारेको लामिछानेले बताए ।

शिक्षा विकास तथा समन्वय इकाई रुपन्देहीका शाखा अधिकृत विष्णु बेल्वासेले नतिजा कमजोर हुनुमा अनुगमन, निरीक्षण, सुपरीवेक्षण, जनशक्ति व्यवस्थापन र क्षमता विकासमा ध्यान नदिनु नै प्रमुख कारण बनेको अनुभव सुनाए । साविक जिल्ला शिक्षा कार्यालय हुँदा शैक्षिक गुणस्तर राम्रो भएपनि पालिकामा पुगेपछि खस्किदै गएको उनले अनूभव सुनाए । उनका अनुसार एसईईमा रुपन्देहीका ११ वटा विद्यालयको नतिजा शून्य भएको छ । 'रुपन्देहीका अधिकांश पालिकाहरुमा शिक्षा शाखामा दरबन्दी अनुसारका जनशक्ति छैनन्', उनले भने-'भएका जनशक्तिले सवै विद्यालयमा ध्यान दिन समयले पुग्दैन । धेरै विद्यालयमा विषयगत शिक्षकहरुको कमी देखिन्छ ।' भएका शिक्षकहरुको क्षमता विकासका कार्यक्रममा पालिकाहरुले ध्यान नदिएको पनि उनले बताए । साविक जिल्ला शिक्षा कार्यालय स्रोत व्यक्ति, विद्यालय निरीक्षक हुँदै जिल्ला शिक्षा अधिकारीसम्म आइपुग्दा शैक्षिक क्षेत्रमा एक किसिमको अनुशासन समेत हुने गरेको उनको भनाइ छ ।

» बाँकी २ पेजमा




## सम्पादकीय

# प्रदेशसभा सदस्यको उपचार खर्च

लुम्बिनी प्रदेशसभाका ३० जना सदस्यले आर्थिक वर्ष २०८०/०८१ मा उपचार खर्च बापत २३ लाख ३५ हजार रुपैयाँ लिए। प्रदेशसभाले बनाएको कार्यविधिअनुसार चिकित्सकको प्रेस्क्रिप्सन, औषधि, मेडिकल जाँचको रिपोर्ट र बिलसहित सचिवालयमा निवेदन पेस भएपछि उपचार कोषबाट रकम पाइने व्यवस्था छ। प्रदेशसभाले बनाएको कार्यविधिअनुसार एक जना सांसदले उपचारबापत एक आर्थिक वर्षमा ५ लाख रुपैयाँसम्म लिन पाउने व्यवस्था छ। कार्यविधि बनाएर उपचार खर्च लिनु विधिसम्मत नै हो तर राज्यकोषलाई अनावश्यक व्ययभार पर्ने गरी कार्यविधि बनाउनु र सामान्य औषधि उपचारको पनि कोषबाट पैसा लिनु नैतिक रुपले गलत हो। राज्य कोषलाई अनावश्यक व्ययभार पर्ने गरी नीति निर्माण गर्ने तहमा रहेका व्यक्तिले रकम लिनुलाई एक प्रकारले भ्रष्टाचार पनि मान्न सकिन्छ।

राजनीति भनेको सबै नीतिको मियो हो। राजनीति सुध्रे सबै सुध्रने हो। राजनीति सुध्राने अरु कसैले होइन्, जो राजनीतिमा संलग्न छन्, उनीहरुले नै हो। मुलुकमा गणतन्त्र स्थापना र संविधान निर्माणपछि जनअपेक्षा चुलिएका छन्। सीमित स्रोत साधनले चुलिएका आकांक्षा पूरा गर्न हम्मे-हम्मे परिरहेका बेला तहगत सरकारलाई मितव्ययी ढंगले चलाउन आवश्यक छ। स्थानीय तह र प्रदेश तह संघीय सरकारले दिएको अनुदानको भरमा चलेका सरकार हुन्। संघीय सरकारलाई स्रोतको भार पर्ने बित्तिकै अनुदान घटाउन थालेको छ। आगामी केही वर्ष स्रोतमा अझै चाप पर्ने निश्चित नै छ किनभने पर्याप्त निर्यात हुन नसकेको र आयात पनि बढ्न नसकेको बेला भन्सार राजस्व लक्ष्यअनुसार संकलन हुन सकेको छैन। मितव्ययी ढंगले सरकार चलाउन सक्दा नै व्यवस्थाप्रति विश्वास बढ्ने हो। प्रदेशसभाले पर्याप्त कानुन बनाउन नसकेको र सदस्यहरु हाजिर गरेर हिंड्ने गरेको बारेमा आलोचना हुँदै आएको छ। भत्ताका लागि हाजिर गरेर हिंड्ने तर कानुन निर्माणका बारेमा छलफल नगर्ने प्रवृत्ति चुनावमा मतदाताप्रति गरेको प्रतिबद्धताप्रति बेइमानी हो।

समाजमा बढ्दो निराशा र गुनासोलाई चिर्दै प्रणालीप्रति विश्वास जगाउन अनावश्यक ढंगले सेवा सुविधा लिने कामलाई उचित मान्न सकिंदैन। औषधि उपचार खर्च लिएका प्रदेशसभा सदस्यमध्ये कतिपयको राम्रो आर्थिक हैसियत छ। व्यापार व्यवसाय छ। आयआर्जनको बाटो राम्रो भएको र समाजमा सम्पत्ति भएका व्यक्तिको पहिचान बनाएका नेताहरुले उपचार खर्च भन्दै राज्यकोषमा आँखा लगाउने प्रवृत्तिले अन्ततः राजनैतिक दल, नेता र प्रणालीप्रति अविश्वास बढाउँछ। यो प्रणालीप्रति विश्वास बढाउने हो भने राज्यकोषमा दोहन होइन्, अनावश्यक खर्च नियन्त्रण गर्न ध्यान देऊ। औषधि उपचार खर्च झैं राज्यकोषमा अनावश्यक दोहन नियन्त्रण गर्न पहलकदमी लिन आवश्यक छ।

# बंगलादेशको घटना नेपालका लागि पाठ


श्यामप्रसाद मैनाली



बंगलादेशमा केही दिन पहिलेदेखि निजामती सेवामा प्रदान गर्दै आएको आरक्षणको विषयलाई लिएर युवाहरूले आन्दोलन छेडेका थिए। उनीहरूको माग स्वतन्त्रताका सेनानीहरूका सन्ततिहरूलाई दिइँदै आएको ३० प्रतिशत कोटा खारेज गर्नुपर्छ र योग्यता प्रणालीका आधारमा मात्र कर्मचारीहरू नियुक्त गरिनुपर्छ भन्ने थियो। सन् १९७१ देखि नै बंगलादेशको स्वतन्त्रताका लागि प्रतिबद्ध भई योगदान दिँदै आएका स्वतन्त्रताका सेनानीहरूको सम्मानमा उनीहरूका सन्ततिहरूलाई सरकारी सेवामा ३० प्रतिशत स्थान आरक्षित गरिएको थियो। यसबाट आरक्षणको मौलिकपना, मूल्य, मान्यतामै प्रतिकूल अवस्था सिर्जना गरेको थियो।

ठूलो संख्याका बेरोजगार युवाहरू सरकारी सेवामा प्रवेश गर्ने अवसरबाट वञ्चित हुनुपर्ने अवस्था थियो। जनजाति, दलित, कमजोर समूह, पिछडा वर्गलगायतकाले पनि यो अवसरबाट विमुख हुनुपर्ने अवस्था थियो। यो सबै परिस्थितिले सम्पूर्ण युवामाथि अन्याय भएको निष्कर्षमा बंगलादेशका विद्यार्थीहरूले यस प्रकारको अनुपयुक्त आरक्षण खारेजीको माग राखेका थिए। यस मागलाई सरकारले महत्व नदिएर अघि बढ्दा युवाहरू आक्रोशित हुनपुगे। देशव्यापी आन्दोलन चर्किंदै गयो।

हजारौंका संख्यामा रहेका युवा आन्दोलनकारीउपर धरपकड हुँदैगर्दा ठूलो संख्यामा हताहत हुनपुगेका थिए। यस परिस्थितिलाई मध्यनजर राख्दै त्यहाँको सर्वोच्च अदालतले यसै विषयमा उच्च अदालतले निर्णय दिएको मुद्दा विचाराधीन रहेकाले सो मुद्दामा प्राथमिकता दिएर निर्णय लियो। सर्वोच्च अदालतको निर्णयमा ९३ प्रतिशत योग्यता प्रणालीका आधारमा, ५ प्रतिशत स्वतन्त्रता सेनानीहरूका सन्ततिहरूका लागि र २ प्रतिशत जनजाति र कमजोर समुदायका लागि आरक्षण प्रदान गर्नेगरी भएको थियो।

यस निर्णयको स्वागत आन्दोलनकारीहरूले गरेका थिए र आन्दोलनमा मारिएका घाइते भएकाहरूको उपचार र क्षतिपूर्तिको माग राख्दै पुनः प्रधानमन्त्री शेख हसिनाले यस घटनाप्रति आत्मालोचनासहित आन्दोलनकारी जनताहरूसमक्ष माफी माग्नुपर्ने मागसमेत राखेका थिए। त्यसलाई सरकारले फेरि पनि महत्व दिएन। यसको परिणामस्वरूप आन्दोलनकारीहरू आन्दोलनमा फर्किए। देशव्यापी आन्दोलन चर्किंदै गयो। ठूलो हताहतका बीच आन्दोलनले हिंसात्मक अवस्थालाई समेत व्यवस्था गर्दै उचाइ लिँदै गयो। सुरक्षा निकाय यस परिस्थितिमा लाचारजस्तै देखिँदै गए। परिस्थितिले राजनीतिक समाधान खोजिराखेको थियो। प्रधानमन्त्री शेख हसिनाको राजीनामालाई प्रमुख मागका रूपमा आन्दोलनकारीले अघि बढाएका थिए। तर, प्रधानमन्त्रीले यी कुनै पनि मागमा सकारात्मक सोँचका साथ पूरा गर्न अघि नबढ्ने दृढता प्रकट गर्दै गइन्।

यसबाट आक्रोशित भीडले उग्ररूप लिँदै गयो। ठूलो संख्यामा बंगलादेशी जनतालाई हत्या हिंसा गर्न सरकार उद्यत रह्यो। यस अवस्थामा पनि प्रधानमन्त्री शेख हसिनाले राजनीतिक समाधानका लागि अघि बढ्ने चासो देखाइनन्। उग्ररूपको आन्दोलनकारीहरूको भीड जब प्रधानमन्त्री निवासतर्फ अघि बढ्यो। त्यस अवस्थामा प्रधानमन्त्रीका लागि आफ्नो भौतिक अस्तित्वको रक्षा गर्नुपर्ने सन्दर्भ बढी महत्वको बन्यो। उनले पदबाट राजीनामा दिई आफ्नी बहिनीका साथ छिमेकी देश भारतमा हेलिकोप्टरमार्फत पुगी शरण लिइन्। अहिले बंगलादेशको प्रधानमन्त्री पदमा नोबेल पुरस्कार विजेता मोहम्मद युनुस नियुक्त भएका छन्। सरकारमा प्रतिपक्षी दल र विद्यार्थीका नेताहरू रहनुपर्ने अर्को माग आन्दोलनकारीहरूले गरिराखेका छन्। हजारौंको संख्यामा आन्दोलनकारीहरू घाइते भएका र ३ सयभन्दा बढीको मृत्यु भइसकेको अवस्थामा शेख हसिनाले देश छाडी भारतमा शरण लिँदा अब आन्दोलनकारीको मुख्य माग पूरा भएको छ।

तर, अन्य मागले गर्दा फेरि पनि केही दिन बंगलादेशमा शान्ति कायम गर्न समय लाग्ने अवस्था छ। सेनाले बल प्रयोग गरी आन्दोलनलाई चर्काउने हो कि भन्ने आशंका गरिँदै छ। शेख हसिनाले अत्यन्त अपरिपक्व प्रकारले यस आन्दोलनलाई हेरेकीले यो अवस्था सिर्जना भएको निष्कर्ष निकालिएको छ। यसबाट सेनाले पाठ सिकी आन्दोलनकारीसँग शान्तिपूर्ण समाधान निकालेर जनताका प्रतिनिधिलाई सरकार सञ्चालन गर्ने विकल्पलाई रोज्ने बुद्धिमतापूर्ण निर्णय लिएको छ भन्ने विश्लेषण राजनीतिक क्षेत्रमा चासो राख्नेहरूले गरिराखेका छन्। तर, यो दोस्रोपटक सेनाले 'कू' गरेको र सरकारको नेतृत्वमा सेना नै रहने अनुमान गर्नेहरूको पनि कमी थिएनन्।

**सुध्रिन नचाहने नेपालका राजनीतिज्ञ**

नेपालका राजनीतिज्ञहरू लामो समयदेखि शासन शैलीमा सुधार गर्न उत्सुक देखिएका छैनन्। उनीहरू भ्रष्टाचारमा लिप्त भएको कुशासनको प्रवर्द्धनमा लागेको, राजनीतिक अस्थिरता आमन्त्रण गरेको जस्ता संगीन आरोपहरूको सामना गर्दै शासन सत्तामा पालैपालो रहिआएका छन्। उनीहरूलाई जनताभन्दा अन्य अदृश्य शक्तिहरूको आडमा शासन सत्तामा पुग्न सकिन्छ भन्ने विश्वास बढ्दै गएको आरोप लागिराखेको छ। लोकतान्त्रिक मूल्य मान्यताविपरीतका अभ्यासहरू गरिराखेका छन्। निर्वाचनमा पराजितहरूलाई मुलुकको प्रधानमन्त्री बनाउने, एक उच्च पदस्थ कर्मचारीलाई मन्त्रिपरिषद्को अध्यक्ष बनाउने र लोकतान्त्रिक शासन प्रणालीमा व्यावस्थापिका, कार्यपालिका तथा न्यायपालिकाको प्रमुख एकै व्यक्तिलाई बनाउने जस्ता अत्यन्त लोकतन्त्रविपरीतका कामहरू सहजै नेपालको राजनीतिमा हुँदै आएका छन्।

तथापि हाम्रा राजनीतिज्ञहरू अबल दर्जाका लोकतन्त्रका हिमायती भएको रटान दिएर थाकेका छैनन्। लोकतन्त्र बहुदलीय शासन प्रणालीमा मात्र अघि बढ्नसक्छ भन्ने विश्वव्यापी मान्यता बन्दै आएको छ। त्यस्तो बहुदलीय शासन प्रणालीमा विभिन्न दलका आ-आफ्ना स्वतन्त्र सिद्धान्त, आस्था, मूल्य मान्यता रहेका हुन्छन्। यिनै सिद्धान्तमा आधारित भएर आफ्नो दलको गन्तव्यको निर्धारण राजनीतिक दलहरूले गर्छन्। तर, नेपालमा आस्था र सिद्धान्तका आधारमा राजनीतिक दलहरूको पहिचान मेटिएको अवस्था छ। यसबाट विश्व मानचित्रमा नेपाल र नेपालको लोकतन्त्रमा प्रश्न खडा गर्ने अवस्था यिनै राजनीतिज्ञहरूले बनाउँदै आएका छन्। तसर्थ, हाम्रा राजनीतिज्ञहरू र लोकतान्त्रिक मूल्य, मान्यताका आधारमा अवलम्बन गर्दै आएको नेपालको राजनीतिक प्रणालीसमेत जोखिममा पर्दै गएको अवस्था छ।

यस स्थितिमा नेपालमा लामो समयदेखि सत्तामा रहेका तर नेपाली जनताका आलोचनाका पात्र बन्दै गएकाहरूसमेत अत्यन्त ठूलो जोखिममा परिराखेका छन्। यसमा नेपालका राजनीतिज्ञहरूले खासै चासो देखाएका छैनन्। राजनीतिक स्थिरता र सुशासनको प्रतिबद्धता व्यक्त गर्दै संविधान संशोधनसमेत गर्ने वाचा गर्दै सत्तामा पुगेको वर्तमान गठबन्धनसमेत आफ्ना शासकीय शैलीका कारण फेरि पनि विवादमा तानिएको छ। बदनाम पात्रहरूलाई मन्त्री बनाउनेदेखि स्वार्थ बाझिएका व्यक्तिहरूलाई त्यस्ता मन्त्रालयको नेतृत्वमा पुऱ्याउने जस्ता कार्यहरू सहजै भएका छन्। उद्योगीहरूले सरकारलाई बुझाउनुपर्ने राजस्व नबुझाउन लगाउने वर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीको निर्देशनको कार्यान्वयनपश्चात यो विषय संसदमा, सडकमा र सचेत नेपालीहरूका बीच भर्त्सनाको विषय बनिआएको छ।

यसले वर्तमान सरकारमा पनि आफ्नो शासकीय शैलीमा सुधार गर्ने कुनै पनि शुभ संकेतहरू देखिएका छैनन्। यसले नेपालमा पनि ठूलो अनिष्ट आमन्त्रण हुनसक्छ। के नेपाली जनतामा चेतनाको अभाव भएकै हो ? जे जस्ता विवादास्पद घटना कार्य र सोहीअनुरूपका शासकीय शैलीको अवलम्बन गरिरहँदा पनि नेपाली जनताहरू मौन रहलान् त ? यो सर्वत्र चासोको विषय बनिराखेको छ। नेपाली जनता सामान्य प्रकारका अन्तर्राष्ट्रिय घटनाक्रमहरूबाट समेत प्रभावित भई ठूलाठूला राजनीतिक परिवर्तन गर्दै गएको र आन्दोलनमा अघि बढेको उदाहरणहरू पाइन्छन्।

पाकिस्तानका तत्कालीन प्रधानमन्त्री जुल्फिकर अली भुट्टोलाई सैनिक शासकले फाँसी दिएको विषयमा नेपालमा आन्दोलन भड्कियो। आन्दोलनले बहुदलीय शासन प्रणाली वा निर्दलीय पञ्चायती व्यवस्था कुन उपयुक्त हो ? यस विषयमा जनमत संग्रह गराउन तत्कालीन राजा वीरेन्द्रलाई बाध्य बनायो। ऋतिक रोशन प्रकरणमा पनि नेपालमा अत्यन्त अल्प अवधिमा ठूलो आन्दोलन भड्किएको थियो। यस्ता ठूलै घटनाहरू नेपालको राजनीतिक इतिहासमा पाउन सकिन्छ। त्यसैले, नेपालमा आमनागरिकलाई व्यवस्था गर्दै अघि बढेको शासकीय शैलीले जुनसुकै समय पनि जोखिमको सामना गर्नुपर्ने निश्चित छ। यसमा नेपालको राजनीति गम्भीर हुनुपर्छ।

**नेपाल र बंगलादेश एक तुलात्मक अध्ययन**

नेपाल र बंगलादेशका बीच धेरै विषयमा समानता छ। प्रायः दुवै देशको क्षेत्रफल समान छ। दुवै देशमा भ्रष्टाचार व्याप्त छ। दुवै देशले बहुदलीय शासन प्रणाली अवलम्बन गरेका छन्। दुवै देशहरूमा लामो समयसम्म एकै व्यक्ति प्रधानमन्त्री भएको देखिन्छ। संसदमा आरामदायी बहुमत दुई तिहाइ बहुमत आदिका आधारमा दम्भ गर्नु अस्वाभाविक हुन्छ। किनकि, हसिनाले दुई तिहाइ स्थानमा विजय हासिल गरी सत्ता सञ्चालन गरेको एकै वर्षमा १५ दिने विद्यार्थीहरूको आन्दोलनले देश छाड्नुपरेको छ।

दुवै देशका सरकारमा रहनेहरूले जनतालाई कम महत्व दिई अन्य भूमिगत तथा वैदेशिक शक्तिका आधारमा देशको शासनमा निरन्तरता दिन सकिने विश्वास गरेका छन्। दुवै देशहरूको तीनतिर सिमानामा भारत रहेको छ। भूराजनीतिका हिसाबले चीन र भारत दुवैको प्रभाव परेको अवस्था छ। नेपाल र बंगलादेश दुवै देशहरूमा जनतालाई उपेक्षा गर्ने प्रवृत्ति बढ्दै गएको छ। नेपालमा कुशासनलाई सुधार गर्ने सन्दर्भ नारामा सीमित छ। जनताबाट तिरस्कृत तथाकथित प्रतिनिधि पनि देशको कार्यकारी प्रमुख बनेका छन्। बंगलादेशमा सन् २०२४ मा भएको निर्वाचनमा विपक्षी दलहरूले सहभागिता नै दिएनन्। यस अर्थमा शेख हसिनाले दुई तिहाइ बहुमत प्राप्त गरे पनि यो प्रतिस्पर्धाविहीन गैरलोकतान्त्रिक निर्वाचन रहेको आलोचना भइराखेको छ। बंगलादेशमा सेना र प्रधानमन्त्री शेख हसिनाबीचको अत्यन्त राम्रो गठबन्धनले अस्पतालमा उपचार गराइरहेका आन्दोलनकारीहरूको हत्यासमेत गऱ्यो।

तर, जब आन्दोलनले उग्ररूप लिँदै गयो, आफ्नै भाइ नाता पर्ने प्रधानसेनापति हुँदा पनि जनतालाई दमन गर्ने हत्या गर्ने शेखको आदेश सेनाले स्वीकार गरेन। राजधानीबाट

» क्रमशः

### राजनीतिक...

विकास समिति खारेजी तथा नयाँ नियुक्तिको निर्णयविरुद्ध परेका रिट निवेदनमा २०८० मंसिर १९ गते न्यायाधीश नहकुल सुवेदीको एकल इजलासले कार्यान्वयन नगर्न आदेश दिए पनि त्यसपछिका सुनुवाइ तथा बहस हुन सकेको छैन। पटक-पटक पेसी सारेर विकास समितिविहीन बनाउँदा अस्पतालहरूमा नयाँ योजना कार्यान्वयन, स्वास्थ्य सेवाको सुधारलगायतका कामले गति लिन सकेको छैन।

तत्कालीन मुख्यमन्त्री चौधरी नेतृत्वको लुम्बिनी प्रदेश सरकारले गत कार्तिक १ गते अस्पताल विकास समिति खारेज गर्ने निर्णय गरेको थियो। पुरानो कार्यविधि खारेज गरी अस्पताल विकास समिति गठन तथा सञ्चालन नियमावली २०८० पारित गरेको थियो। सोही नियमावलीअनुसार प्रदेशका १३ वटा अस्पतालमा नयाँ अध्यक्ष नियुक्त गरिएको थियो।

सरकारले गरेको उक्त नियुक्तिले आफूहरूमाथि अन्याय भएकोले उक्त नियुक्तिसमेत खारेज गरी पाउँ भन्दै लुम्बिनी प्रादेशिक अस्पतालका अध्यक्ष अजयमान श्रेष्ठ, राप्ती प्रादेशिक अस्पतालका अध्यक्ष पदमप्रसाद न्यौपाने, प्यूठान अस्पतालका अध्यक्ष विजयविराज विष्ट र रुकुमपूर्व अस्पतालका अध्यक्ष फत्तेकुमारी वलीले सर्वोच्च अदालतमा रिट दायर गरेका थिए।

निवेदकहरूले लुम्बिनी प्रदेश सरकारका तत्कालीन मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, मुख्यमन्त्री डिल्लीबहादुर चौधरी, स्वास्थ्यमन्त्री राजु खनाल र अर्थमन्त्री धनबहादुर मास्कीसहित नवनियुक्त अध्यक्षहरूलाई समेत विपक्षी बनाएर दायर गरेको रिटमा अदालतले अल्पकालीन आदेश जारी गरेको थियो।

रिट निवेदकहरूले सर्वोच्च अदालतले २०७५ सालमै कुनै पनि नियुक्तिको पदावधि तोकेर दिएको अवस्थामा तोकिएको समय सीमाभन्दा अगावै हटाउन नमिल्ने गरी गरेको आदेशविपरीत आफूहरूलाई हटाइएको भन्दै उक्त निर्णय बदरभागी हुने दाबी गरेका थिए।

### पालिकामा...

प्यूठानको ऐरावती गाउँपालिकामा ६ वटा विद्यालयले एउटा पनि विद्यार्थी उत्तीर्ण गराउन सकेनन्। ३ सय १९ जना विद्यार्थी पालिकाभरी परीक्षामा सहभागी भएकोमा वडा नम्वर १ स्थित धर्मोदय मावि पकला जावुनेका उमेश केसी मात्र उत्तीर्ण भए। नतिजा खस्किएपछि पालिकाले बृहत् समीक्षा कार्यक्रम गरेर आउँदो वर्ष जसरी पनि सुधार्ने योजना बनाएको छ। 'सबै विद्यालयमा प्रगती करार सम्झौता गरेका छौं', गाउँपालिका अध्यक्ष नविल विक्रम शाहले भने-'शिक्षकले प्रधानाध्यापकलाई, प्रधानाध्यापकले विद्यालय व्यवस्थापन समितिलाई र विद्यालयले गाउँपालिकालाई प्रगति समीक्षा बुझाउनुपर्ने छ। त्यसमा भएका कमी कमजोरीलाई सुधार गरेर नतिजालाई परिणाममुखी बनाउनेछौं।' यस पालिकाले चालु आर्थिक वर्षका लागि शिक्षा क्षेत्रमा कुल ३ करोड ८० लाख रुपैयाँ बजेट विनियोजन गरेको छ।

गाउँपालिकाले ५८ जना शिक्षकहरु आफ्नै स्रोतबाट समेत राखेको छ। तलव खुवाउनका लागि वार्षिक करिव साढे दुई करोड रुपैयाँ खर्च हुन्छ। छिटोछिटो शिक्षक सरुवा, दरबन्दी मिलान नहुनु, विषय शिक्षक पाउनै मुश्किल, समयमै पाठ्यक्रम नसकिनु, प्रावि तहको शिक्षकले मावी चलाउनु, परीक्षा केन्द्र टाढा हुनु जस्ता समस्याले नतिजा खस्किदै गएको गाउँपालिकाका शिक्षा, यूवा तथा खेलकुद शाखा प्रमुख यमप्रसाद पाण्डेले बताए। शिक्षा क्षेत्र हेर्नेगरी पालिकामा जनशक्ति पर्याप्त नहुँदा समस्या देखिएको पनि पाण्डेले बताए।

निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) बुटवलका अध्यक्ष मित्रहरि आचार्यले भने फरक धारणा राखेका छन्। उनले राज्यले लगानी गरेका सामुदायिक विद्यालयहरुले प्रतिफल दिन नसकेको टिप्पणी गरे।

बुटवलमा निजी क्षेत्रका विद्यालयले ८८ प्रतिशत एसईईमा विद्यार्थी उत्तीर्ण गराए पनि सामुदायिक विद्यालयको नतिजा चिन्ताजनक भएको सुनाए। राज्यले सामुदायिक विद्यालयमा गरेको लगानीले सकारात्मक प्रतिफल दिन नसक्नु चिन्ताको विषय बनिरहेको उनले सुनाए।

'सरकारी विद्यालयमा आधारभूत तहसम्मको शिक्षा निःशुल्क दिने भनिए पनि विभिन्न बाहानामा शुल्क उठाउने गरिएको छ', उनले भने-'सरकारले देशकै उत्कृष्ट भनी घोषणा गरेका विद्यालय बुटवलमै छन्। तर, उनीहरुले गुणस्तरीय नतिजा दिन सकेका छैनन्। यस विषयमा गम्भीर समीक्षा हुनुपर्छ।'

नतिजा राम्रो हुनको लागि शिक्षक, अभिभावक र विद्यार्थी तीनै पक्षको भूमिका महत्वपूर्ण हुन्छ।

तर निजीको तुलनामा सामुदायिक विद्यालयमा अभिभावकहरुले आफ्ना सन्तानप्रतिको पढाइमा त्यति चासो नदिएको देखिन्छ। शैक्षिक क्षेत्रमा मोफसलको उत्कृष्ट शहरको रुपमा चिनिन्छ रुपन्देहीको प्रमुख शहर बुटवलसहित आसपासका विद्यालयहरु। कालिका मानविज्ञान माध्यमिक विद्यालय, कान्ति मावि, शान्ति नमूना माविलगायत विद्यालयहरु उत्कृष्ट मानिन्छन्।

तर यस वर्षको एसईई नतिजामा यी विद्यालयहरुको पनि गुणस्तर खस्कियो। चार जीपीए ल्याउने विद्यार्थीहरु यी विद्यालयमा भेटिएनन्। सामुदायिक र संस्थागत गरी जिल्लाका कुल ३ सय ३९ विद्यालयमध्ये रामापुर मावि सैनामैना नगरपालिका र न्यू होराइजन इङ्ग्लिस बोर्डिङ स्कुल बुटवल उप-महानगरपालिकाका एक/एक जना विद्यार्थीले मात्र चार जीपीए ल्याएका छन्। यसवर्षको एसईईमा जिल्लाभर ११ वटा विद्यालयको नतिजा शून्य भएको शिक्षा विकास तथा समन्वय इकाई रुपन्देहीका शाखा अधिकृत विष्णु बेल्वासेले जानकारी दिए।

कालिका मानविज्ञान माध्यमिक विद्यालय रुपन्देहीका प्रधानाध्यापक दिनेश थापाले एसईईलाई सरकारले अझैं पनि हाउँगुजी बनाइरहेको टिप्पणी गरे। 'एसईईलाई हाउँगुजी बनाउँदा अहिले पनि कतिपय विद्यार्थीले आत्महत्या गरेको देखियो', थापाले भने-'सरकारको नीतिगत अस्पष्टताका कारण देशभरका विद्यालयहरुले समस्या भोग्नुपरिरहेको छ।' कक्षा ९ देखि १२ सम्मलाई माध्यमिक तहको पढाइ भने पनि १० कक्षाकै नतिजालाई यसरी अतिरञ्जित गर्न नहुने उनको तर्क छ।

'लोकसेवाको परीक्षा दिन पनि एसईईको कुनै मान्यता देखिंदैन', उनले भने- 'जबकी १२ कक्षाको नतिजालाई मान्यता दिने हो भने १० कक्षामै यस्तो लफडा किन ?' उनले शिक्षा ऐनले माध्यमिक तहको परीक्षा प्रदेश सरकारले लिने भनिए पनि त्यो कार्यान्वयन नभएको गुनासो गरे।

स्थानीय तहलाई दिएको अधिकार लिखित मात्र भएको तर व्यवहारिक हुन नसकेको थापाको भनाइ छ। 'सरकार चार जीपीएको पछाडि दौडीरहेको छ', उनले भने-'४ जीपीए नल्याएका विद्यालयहरुले पनि राम्रो नतिजा लिएका छन्। त्यतातिर सरकारको ध्यान छैन।'

एसईईको परीक्षा र नतिजामा अभिभावक, शिक्षक र नागरिक समाजको जति चासो चिन्ता हुन्छ, कक्षा ११ र १२ मा नदेखिएको उनको अनुभव छ। एसईईको परीक्षामा भीड लागेर अनुगमनमा पुग्नेहरु कक्षा १२ को परीक्षामा चासो नहुँदा उल्टो यात्रा भइरहेको समेत उनले टिप्पणी गरे। 'नेपालका जति पनि सामुदायिक विद्यालयहरु राम्रा बनेका छन्, ती सबै आफ्नै प्रयासले मात्र भएका हुन्', अनुभव सुनाउँदै थापाले भने-'यसमा सरकारको लगानी देखिंदैन्।' यही स्थिति रहिरहे विद्यार्थीहरुको भविष्य अझैं विग्रदै जानेमा उनले चिन्ता व्यक्त गरे।

### शैक्षिक...

बुटवल कालिका क्याम्पसका क्याम्पस प्रमुख घनश्याम पाठकले क्याम्पसले सिट दिने शिक्षा, ज्ञान दिने र असल व्यवहार दिनुपर्ने कुरामा जोड दिए।

सिद्धार्थ गौतमबुद्ध क्याम्पसका क्याम्पस प्रमुख कृष्णप्रसाद शर्माले बुटवल शैक्षिक हप भएको र उच्च शिक्षाको लागि बुटवलमै गुणस्तरीय क्याम्पसहरु भएकोले विद्यार्थीहरूले विदेश पलाइनमा ध्यान दिन नहुने धारणा व्यक्त गरे।

लुम्बिनी इन्टरनेसनल कलेजका क्याम्पस प्रमुख रामप्रसाद खरेलले विदेश अध्ययन गर्ने विद्यार्थीहरूको पीडा र नेपालमा प्रगति गरेका सफल व्यक्तिहरूको समग्र विश्लेषण गरे।

बुटवल उप-महानगरपालिका वडा नम्बर ११ का वडा अध्यक्ष शिक्षक प्रेमी रामचन्द्र क्षेत्रीको अध्यक्षतामा कक्षा १२ विज्ञान समूहकी छात्रा आकृति अधिकारीको सञ्चालनमा सम्पन्न कार्यक्रममा स्वागत मन्तव्य एवं विद्यालयका असल अभ्यासहरू विद्यालयका प्रधानाध्यापक प्रेमबहादुर बस्नेतले पेश गरेका थिए।

अन्तर्क्रिया कार्यक्रममा सहायक प्र.अ. अर्जुन खनाल, नवीन विद्यार्थी क्लबका अध्यक्ष अमिसन थापा, उत्कृष्ट विद्यार्थी पवन पन्थले धारणा राखेका थिए। कार्यक्रममा कक्षा १२ को बोर्ड परीक्षामा उत्तीर्ण ६२५ जना विद्यार्थीहरूलाई प्रमुख अतिथि र विशिष्ट अतिथिले विद्यार्थीहरूलाई सम्मान गरिएको थियो।

# ट्रंकलाइनको महसुल तिरेको होइन : यशोदा फुड्स

बुटवल । रुपन्देहीको मधवलियास्थित यशोदा फुड्स प्रालिले आफूहरूले ट्रंकलाइनको बक्यौता महसुल नतिरेको बताएको छ ।

केही दिनअघि नेपाल विद्युत् प्राधिकरणले यशोदा फुड्स प्रालिलगायत चार उद्योगले डेडिकेटेड एवम् ट्रंक लाइनको बक्यौता भुक्तानी गरेको दाबी गरेको थियो । दैनिक उपभोग्य खाद्यवस्तु उत्पादन गरी बजारमा पठाउनुपर्ने उद्योगलाई पैसा नतिरे लाइन काट्ने भनेर प्राधिकरणले पत्र पठाएपछि उद्योगले नियमित विद्युत् महसुलमा थप रकम भुक्तानी गरेको उद्योगले जनाएको छ ।

उद्योगले प्राधिकरणलाई पत्र लेख्दै विद्युत् प्राधिकरणले त्यो रकमलाई डेडिकेटेड र ट्रंक लाइनको बक्यौता तिरेको भनी मिलान गरेकोमा त्यसमा उद्योगको असहमति रहेको उद्योगले जनाएको छ ।

'बिजुली काटिएको अवस्थामा माग बमोजिम उत्पादन बजारमा पु¥याउन नसक्ने र त्यसबाट बजारमा असर पर्ने भएकोले बाध्य भएर उद्योगले केही रकम दाखिला गरेको थियो । प्राधिकरणले डेडिकेटेड र ट्रंक लाइन बिलको रूपमा सो रकम मिलान गरेको पाइएकोले माग नै नगरेको विद्युत् महसुलका सम्बन्धमा उद्योगलाई चित्त बुझेको छैन,' 'उद्योगको तर्फबाट दाखिला भएको बढी रकमलाई अग्रिम दाखिला रकममा कायम गरी राखिदिन अनुरोध छ ।'

उद्योगले कहिल्यै पनि डेडिकेटेड र ट्रंक लाइन माग नै नगरेको तर प्राधिकरणले त्यस्तो लाइन लिएको भनी विशेष दर लगाइ छुट प्रिमियम महसुल रकम माग गरी पत्राचार गरेकोमा उद्योगको चित्त नबुझेको पनि उसले उल्लेख गरेको छ ।

लाल आयोगको प्रतिवेदन र सिफारिस बमोजिम केही तिर्नु पर्ने भए सो तिर्न उद्योग तयार रहेको जनाएको छ । तर, विवादित रकम तत्काल दाखिला नगरे लाइन काटिने प्राधिकरणको धम्कीपूर्ण ताकेताप्रति उद्योगले असहमति जनाएको छ ।

प्राधिकरणले बाध्य बनाई रकम असुल गरेको र त्यही रकमलाई डिकेटेड र ट्रंक लाइनको बक्यौता भुक्तानी गरेको भन्दै त्यसमा मिलान गरेको भन्दै सो रकम फिर्ता गर्न उद्योगले माग गरेको छ ।

उद्योगले विगतदेखि नै नियमित शुल्क भुक्तानी गरिरहेको समेत जनाएको छ । बुटवल-भैरहवा कोरिडोरका उद्योगहरुको तर्फबाट केही दिन अघि भएको पत्रकार सम्मेलनमा यशोदा फुड्सको उपस्थिति थिएन ।

अघिल्लो दिन उक्त उद्योगले ट्रंकलाइन वापतको रकम प्राधिकरणलाई बुझाएको समाचार प्रकाशित भएको विषयमा अरु उद्योगीहरुले आश्चर्य व्यक्त गरेका थिए ।

# कांग्रेस बैठकमा लोकपाल विधेयक बनाउन माग

बुटवल । नेपाली कांग्रेसको बैठकमा नक्कली भुटानी शरणार्थी काण्ड, सुन काण्ड, गिरीबन्धु टिस्टेटलगायतका काण्डहरुका विषयमा छानबिन गर्न पूर्वप्रधानन्यायधीशको नेतृत्वमा उच्चस्तरीय छानबिन समितिको प्रस्ताव गरिएको छ । बैठकमा केन्द्रीय सदस्य मधु आचार्यले भ्रष्टाचारको अन्त्य र सुशासनको सुनिश्चितता गर्नुपर्ने बताए ।

उनले सरकारबाट हुने नीतिगत भ्रष्टाचार एवं अख्तियार दुरुपयोग निवारण आयोगबाट हुन सक्ने अख्तियार दुरुपयोगको समेत छानबिन र कारबाही गर्न सक्ने दण्डात्मक, निरोधात्मक र प्रवर्द्धनात्मक अधिकारसहित लोकपाल विधेयक बनाउन अग्रसरता लिनुपर्ने माग गरे ।

उनले यती र ओम्नी काण्ड, गिरीबन्धु टी स्टेट काण्ड, कृत्रिम भुटानी शरणार्थी काण्ड, सुन काण्ड, आदिबारे छानबिन गर्न र दोषीमाथि कडा कारबाही गर्न पूर्वप्रधानन्यायधीशको नेतृत्वमा उच्चस्तरीय छानबिन समिति बनाउन पहल गर्नुपर्ने धारणा राखे ।

उनले कांग्रेस र एमालेबीच भएको ७ बुँदे सहमतिमा पार्टीभित्र बाहिर आवश्यक छलफल गर्न, पार्टी धारणा निर्माण गर्न, पार्टी नेतृत्वलाई सुझाव दिन एउटा शक्तिशाली टास्कफोर्स गठन गर्न समेत माग गरेका छन् ।

उनले सिद्धान्तहीन गठबन्धन गर्नु र फोक्से मासुले मोटाउनु उस्तै भएको टिप्पणी गर्दै एक्लै निर्वाचन लडेर जित्ने संगठन बनाउने हिम्मत गर्नुपर्ने बताए । एक्लै निर्वाचन लडेर जित्ने संगठन बनाउने हिम्मत नराख्ने हो भने बी.पी., गणेशमान, किसुनजी, गिरिजाबाबुको नामलाई बदनाम नगर्न र तिनको उत्तराधिकारी भन्न छोड्नुपर्ने उनको तर्क छ ।


## करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१/०४/२९ गते)

नेपाल नेत्र ज्याति संघ/पाल्पा लायन्स लाकौल आँखा अस्पतालको लागी देहाय बमोजिमको करारमाकर्मचारी आवश्यकता परेकोले तोकिएको योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट सूचना प्रकाशित भएको मितिले १० दिन भित्र दरखास्त आब्हान गर्दछौ ।

| क्र.सं. | बिज्ञापन नं. | पद | संख्या | आवश्यक योग्यता |
|---|---|---|---|---|
| १ | ०१-२०८१/८२ | ल्याब असिस्टेन्ट (Lab Assistant) | १ जना | मान्यता प्राप्त शैक्षिक संस्थाबाट ल्याब असिस्टेन्ट बिषयमा प्रमाणपत्र तह उत्तिर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको । |
| २ | ०२-२०८१/८२ | फार्मेसी सहायक (Pharmacy Assistant) | १ जना | मान्यता प्राप्त शैक्षिक संस्थाबाट फार्मेसी बिषयमा प्रमाणपत्र तह उत्तिर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको । |

बिस्तृत जानकारी अस्पतालको सूचना बोर्डमा टाँस गरिएको छ ।

पदपूर्ति समिति

**पाल्पा लायन्स लाकौल आँखा अस्पताल**

तानसेन, पाल्पा

इमेलः-plleh@lei.org.np, फोन नं.:-०७५-५२०३३३



## Amar Secondary School

**Swargadwari municipality-03,Bhingri Pyuthan**

**Lumbini Province, Nepal**

# Invitation For Bids

Published Date: 08-13-2024 00:00

1.Amar Secondary School Invites bids from duly registered eligible national bidders for the following works.

| Contract ID | Descriptions and location of work | Estimated Amount(Exclusive VAT,item and contigencies) | Bid Document Fee(Nrs) | Bid Security Amount (Nrs.) | Bid Validity Period in Days |
|---|---|---|---|---|---|
| 1/AMSS/NCB /W/2081/82 | "Construction of Amar Secondary Model School" | 85,60,313.79/- | 3000/- | 2,55,000/- | 90 |

2.Information to deposit the cost of Bidding Document and Bid bond in bank.

| | | | |
|---|---|---|---|
| Office Name | Shree Amar Secondary School , Swargadwari Municipality -03 Bhingri Pyuthan | Last Date of purchasing Bid Docs. | 09-12-2024 12:00 |
| Name Of Bank | Agriculture Development Bank,Bhingri Pyuthan | Last Date Of submission | 09-12-2024 12:00 |
| Revenue A/C no. for Bid Document Fee. | 0924301360686015 | Opening | 09-12-2024 13:00 |
| Deposit Account no. for Bid Security | 0924301360686023 | Pre-bid meeting | 09-01-2024 13:00 |

3.Bidder can only bid electronically through e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp.

4.Any conditions so far not covered shall be as per public procurement Act 2063(Amendment-2073), and public procurement Regulation 2064 (Twelfth Amendment).Any amendments in tender notice shall be published in e-procurement section.

5. The employer reserves all the right to accept or reject the bid



## बर्दघाट नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

नवलपरासी (बसुप)

लुम्बिनी प्रदेश, नेपाल

### बोलपत्र आह्वान सम्बन्धी ३० दिने सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१।०४।२९

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२ क र यस नगरपालिकाको आर्थिक ऐन, २०८१ बमोजिम चालु आ.व.०८१।०८२ को जेष्ठ मसान्त सम्मको लागि यस नगरपालिका वडा नं ५, १४ र १६ अन्तर्गत पर्ने खजुरा खोला ठेक्का बन्दोवस्त गर्न मिति २०८१/४/२७ को नगर कार्यपालिका वैठकको निर्णय तथा स्वीकृत वातावरणीय प्रतिवेदन (IEE) र नगर सभाबाट स्वीकृत दररेट बमोजिम तपसिल अनुसारको आय ठेक्काको राजश्व उठाउने सम्बन्धमा इच्छुक कम्पनी वा फर्मको इजाजतपत्र, आय कर दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, कम्तीमा आ.व. ०८०/०८१ आय कर चुक्ताको प्रमाण वा म्याद थपको प्रमाण संलग्न राखी WWW.bolpatra.gov.np/egp मार्फत विद्युतिय वोलपत्र (E–Bidding) मार्फत शीलवन्दी वोलपत्र/दरभाउपत्र पेश गर्नु हुन सम्बन्धित सरोकारवाला फर्म वा कम्पनीहरु सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ।

**तपशिल**

| आय ठेक्का नं | आय ठेक्काको नाम | संकलन/उत्खनन् गर्नुपर्ने परिमाण (घन फिटमा ) | विक्रि दर मु.अ.कर वाहेक रु | न्यूनतम बोलपत्र रकमअंक रु. (भ्याट र अग्रीम कर वाहेक) | ठेक्का अवधि | धरौटी रकम रु | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|---|
| १/०८१/०८२ | खजुरा खोला बर्दघाट न.पा. | २,९२,०५२.३० | १७ | ४९,६४,८८९।१० | २०८२ जेष्ठ मसान्त | २,४८,२४४।४५ | ३००० |

नोटः ठेक्का सम्बन्धी शर्तहरु लगायतको अन्य विवरण कार्यालयको वेवसाइटwww.bardaghatmun.gov.np/WWW.bolpatra.gov.np/egp मा तथा कार्यालय समय भित्र कार्यालयको फोन नं. ०७८-५८०४०७ मा सम्पर्क गर्न सकिने छ।



## मध्यविन्दु नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**नवलपरासी(बर्दघाट सुस्ता पूर्व), गण्डकी प्रदेश, नेपाल**

### कवाडी जन्य सामानको लिलाम बिक्रीको लागि शिलबन्दी बोलपत्र सम्बन्धी बढाबढ सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८१/०४/२९

यस नगरपालिकामा फोहरमैला ब्यबस्थापनबाट आ.ब. २०८०/८१ भर संकलन गरि पृथकीकरण गरिएको कवाडी सामग्री जे जस्तो अवस्थामा छ सोहि अवस्थामा सिलबन्दी बोलपत्रको माध्यमबाट बिक्रि गर्नुपर्ने भएकोले इच्छुक, फर्म, कम्पनी वा संस्थाले देहायेका शर्तहरुको अधिनमा रही ठेक्का नम्बर अनुसारको सिलबन्दी फारम खरिद गरि रितपूर्वक शिलबन्दी बोलपत्र पेश गर्न ३०(तिस) दिने यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र.सं. | ठेक्का नं. | ठेक्काको नाम | न्यूनतम अंक रु.(भ्याट बाहेक) | बोलपत्र दस्तुर |
|---|---|---|---|---|
| १ | १/२०८१/०८२ | मध्यविन्दु नगरपालिकाको आ.ब २०८०/८१ मा फोहरमैला पृथकीकरण गरि संकलन गरिएको कवाडी जन्य सामग्री | ९६३२७९.८/- | ३०००/- |

**शर्तहरुः–**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रथम पटक प्रकाशित भएको मिति २०८१/०४/२९गते देखी ३० दिन (मिति २०८१/०५/२६) गते कार्यालय समय भित्र गत आर्थिक वर्षका लागि नविकरण भएको ईजाजत पत्र, आयकर तथा मु.अ.कर. दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि संलग्न राखी लिखित निवेदन साथ माथि उल्लिखीत दस्तुर (पछी फिर्ता नहुने गरी) यस कार्यालयको राजश्व शाखामा जम्मा गरी सरसफाई प्रवर्द्धन तथा जैविक मल इकाईबाट बोल पत्र खरिद गर्न सकिने छ।

२) बोलपत्र मिति २०८१/०५/२७ गते मध्यान्ह १२:०० बजे भित्र यस कार्यालय दर्ता गर्नुपर्नेछ। बोलपत्र दाखिला गर्दा शिलबन्दी गरी कार्यालयको नाम, ठेगाना, ठेक्का नम्बर र कामको विवरण तथा बोलपत्रवालाको नाम ठेगाना स्पष्ट रुपमा खाम बाहिर उल्लेख गर्नुपर्ने छ। बोलपत्र खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनीक विदा परेमा कार्यालय खुलेको पहिलो दिन सोही समयमा हुनेछ।

३) बोलपत्रका साथ आफुले कवोल गरेको अंकको ५ प्रतिशतले हुन आउने जमानत रकम यस कार्यालयको नेपाल बैंक लि. चोरमारा शाखामा धरौटी खाता नं. ३१८०३००००००३००१००००००१ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा जारी गरिएको जमानत पत्र (Performance Bond) सङ्लग्न गरी पेश गर्नुपर्ने छ।

४) म्याद भित्र दर्ता भएका शिलबन्दी बोलपत्रहरु दर्ता भएको अन्तिम दिनको २:०० बजे पछि कार्यालयका प्रतिनिधि वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ। म्याद नाघी आएको, कार्यालयबाट विक्री नभएको सिलबन्दी बोलपत्र फारम भरी आएको बोलपत्र वालाको दस्तखत एवं छाप नभएको र प्रचलित कानुनको रित नपुगेको र शर्त राखी पेश भएको बोलपत्रउपर कुनै कारवाही हुने छैन। बोलपत्रवालाको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

५) शिलबन्दी बोलपत्र स्वीकृत भएको सूचना प्राप्त भएकोले मितिले बाटो म्याद बाहेक ७ दिन भित्र आफुले कवोल गरेको अंकको एकमुष्ट रकम राजश्व शाखामा नगदै वा यस कार्यालयको नामा रहेको नेपाल बैंक लि. चोरमारा शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ३१८०३००००००१००१००००००१ मा जम्मा गरी सक्कल बैंक भौचर पेश गरी ठेक्का कवोलियत गर्न आउनु पर्नेछ।

६) विगत वर्षहरुमा ठेक्का लिई रकम बुझाउन बांकी रहेको फर्महरुले बांकी रकम चुक्ता नगरे सम्म र पेस्की/ बेरुजु बांकी हुनेले फछ्र्यौट नगरे सम्म बोलपत्र खरिद गर्न पाउने छैन।

७) यसमा उल्लेख भएको कुराहरु यस बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित नियमानुसार तथा सम्झौतामा उल्लेख गरिए बमोजिम हुनेछ। साथै संघीय सरकार, प्रदेश सरकार र यस नगरपालिकाबाट समय समयमा गरिएको निर्देशनहरुको बोलपत्र वालाले पालना गर्नु पर्नेछ।

८) यस सम्बन्धमा अन्य कुनै थप जानकारी आवश्यक भएमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क गर्न सकिने छ।

**प्रमुख प्रशासकिय अधिकृत**

**मध्यविन्दु नगरपालिका**



## कावासोती नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

कावासोती, नवलपरासी (बर्दघाट-सुस्तापूर्व)

गण्डकी प्रदेश, नेपाल

### पत्रपत्रिकामा विज्ञापन एवं सूचना प्रकाशन गर्ने सम्बन्धी शिलबन्दी दरभाउपत्र (E–bid) आव्हान गरिएको सूचना

**प्रकाशित मितिः–२०८१/०४/२९**

कावासोती नगरपालिकाले चालु आर्थिक वर्षको असार मसान्तसम्म राष्ट्रिय दैनिक पत्रिकामा (क वर्ग) प्रतिस्पर्धामार्फत् सबैभन्दा न्यून रकम कबोल गर्ने फर्मबाट विज्ञापन/सूचना प्रकाशन कार्य गर्नु पर्ने भएकाले सो सम्बन्धी कार्य गर्न ईजाजत प्राप्त ईच्छुक विज्ञापन एजेन्सी वा फर्महरुबाट प्रस्ताव पेश गर्न यो १५ दिने सूचना प्रकाशन गरिएको छ। यस विषयमा विस्तृत जानकारी यस कार्यालयको वेबसाइट www.kawasotimun.gov.np तथा www.bolpatra.gov.np मार्फत् लिन सकिने छ। सो सम्बन्धी थप बुझ्नु परेमा नगरपालिकाको खरिद इकाईमा सम्पर्क गर्न सकिनेछ।

| क्र.स. | विवरण | शिलबन्दी खरिद रकम | शिलबन्दी जमानत रकम | बिड वण्ड मान्ने हुने अवधि | शिलबन्दी बुझाउने अन्तिम मिति र समय | शिलबन्दी खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|
| १ | राष्ट्रिय दैनिक पत्रिकामा (क वर्ग) प्रकाशित दर प्रति सी.सी. सादा भित्री पृष्ठमा छापिने (02/KM/SQ-081/082) | १०००/- | ४५०००/- | ९० दिन | २०८१/०५/१२ दिनको १२:०० बजे | २०८१/०५/१२ दिनको २:०० बजे |

**प्रमुख प्रशासकीय अधिकृत**



## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सम्पर्कः

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

**सीताराम सफा सेनेटरी**

भैरहवा

९८६९७८९२७५, ९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुखानगर, रूपन्देही,

फोनः ९८५७०५८८१३, ९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी

**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

र.जि.हु.द.न.१३/०६३/०६४
२०८१ साउन २९, गते मंगलबार
Tuesday Aug.13, 2024
न.प.जि.प्र.का.द.न.४/०४५/०४६
दैनिक लुम्बिनी



**कोदो रोप्दै स्थानीयहरू :**

गुल्मीको मुसिकोट नगरपालिका -२, कुखुरापोलेमा डीलबहादुर परियारको बारीमा स्थानीयहरूले हुद्दा लगाएर कोदो रोप्दै । अझैं पनि पाहाडी जिल्लाहरूमा यस्तै हुद्दा लगाएर झ्याउरे गाउँदै रमाइलो गरी परम्परागत रूपमा कोदो रोप्ने चलन रहिआएको छ। *तस्विर सौजन्यः महेन्द्र घिमिरे ।*

# २० करोड ३८ लाख राजस्व संकलन




**गौरीशंकर जयसवाल**

*परासी*

पश्चिम नवलपरासीमा रहेको यातायात व्यवस्था सेवा कार्यालयले आर्थिक वर्ष २०८०/०८१ मा २० करोड ३८ लाख ७ हजार १ सय ५६ रुपैयाँ राजस्व संकलन गरेको छ । यातायात व्यवस्था कार्यालयले सबैभन्दा धैरै सवारी साधन करबाट राजस्व संकलन गरेको हो ।

सवारी साधन करबापत १५ करोड ४ हजार ७ सय ५१ रुपैया, सवारी चालक अनुमती पत्र २ करोड ७७ लाख १७ हजार रुपैयाँ, सवारी नवीकरणबाट १ करोड ६४ लाख ४३ हजार ७ सय रुपैयाँ, यातायात क्षेत्रको आम्दानी पटके तथा विविधबाट ४० लाख ६७ हजार २ सय ९० रुपैयाँ, आयकरबाट ५५ लाख ७४ हजार ४ सय १५ रुपैयाँ राजस्व संकलन भएको कार्यालय प्रमुख मुक्तिप्रसाद पाण्डेयले जानकारी दिए ।

आर्थिक वर्ष २०७९/०८० मा १२ करोड रुपैयाँ राजस्व संकलन गरेको कार्यालयले यस वर्ष करिब ८ करोड रुपैयाँ वृद्धि भएको पाण्डेयले बताए । 'अघिल्लो वर्ष १२ करोड संकलन भएको छ, अहिले २० करोडभन्दा बढी छ, हामीले करिब ६६ प्रतिशतको हाराहारीमा यस कार्यालयबाट राजस्व संकलनमा वृद्धि भएको छ ।'- पाण्डेले भने । पाण्डेयका अनुसार गत असार महिनामा मात्रै १ करोड २६ लाख ५० हजार ७ सय ९० रुपैयाँ राजस्व संकलन भएको छ ।

आर्थिक वर्ष २०७८/०७९ देखि यातायात व्यवस्था सेवा कार्यालय परासीमा खुलेसँगै कार्यालयले राजस्व संकलनमा निरन्तर वृद्धि भइरहेको छ । सेवा कार्यालयले नवलपरासीका सातै पालिका र रुपन्देहीका केही पालिकावासीहरुलाई सेवा लिन सहज भएको छ ।

# प्रदेश, जीसस र उप-राष्ट्रपति खारेज गर्न माग

बुटवल । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) निलम्बित महामन्त्री डा. मुकुल ढकालले प्रधानमन्त्री केपी शर्मा ओलीलाई भेटेर प्रदेश, जिल्ला समन्वय समिति, उप-राष्ट्रपति पद खारेज हुनुपर्ने माग गरेका छन् ।

प्रधानमन्त्रीलाई सोमबार विभिन्न १५ सुझाव दिँदै उनले प्रशासन सुधार, स्थानीय सरकार, भ्रष्टाचार, मिटर व्याज पीडितको समस्या समाधान, खानेपानी, अस्पताल, शिक्षालगायतका विषय छुट्याएर ढकालले सुझाव बुझाएका हुन् ।

उनले पछिल्लो पटक चर्चामा रहेको संविधान संशोधनको एजेण्डामा प्रदेश, जिल्ला समन्वय समिति, उप-राष्ट्रपति पद खारेज हुनुपर्ने बताएका छन् ।

सुझावमा थ्रेस होल्ड बढाउने, एउटै मतपत्रमा निर्वाचन गर्ने, एक पटक समानुपातिक निर्वाचनबाट निर्वाचित व्यक्ति फेरि समानुपातिक निर्वाचित हुन नपाउने जस्ता व्यवस्था गरे वर्तमान निर्वाचन प्रणाली नै सुधार गर्न सकिने उनले बताएका छन् ।

साथै, उनले एक पटक नेपाली नागरिकता त्यागेका व्यक्तिले फेरि नेपाली नागरिकता लिएमा त्यस्तोलाई नेपालको संविधानको धारा बमोजिम मनोनयन वा नियुक्त हुन दिनुहुँदैन भनेका छन् ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्
सम्पर्क:
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१९५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०




Government of Nepal

**Ministry of Physical Infrastructure and Transport**

Department of Road

Federal Road Supervision & Monitoring Office

Road Division,Butwal

# Invitation for Bids

**Notice No.- DROBTL/02/081/82**

First Date of Publication: 2081-04-29 (13thAugust, 2024)

Road Division,Butwal invites electronic bids from eligible bidders for the construction of works mentioned in table below under National Competitive Bidding Procedures:

| S.N. | Contract No. | Description of Work | Estimated Amount without VAT and Contingency NRs. | Minimum Bid Security Amount NRs. | Average Annual Construction Turnover NRs. | Price of Bid Document Non-refundable NRs. |
|---|---|---|---|---|---|---|
| | SRCTIP-DOR-WPM- RD-BTW-NCB-36 | Periodic Road Maintenance Works by Asphalt concrete and close graded premix Along SiddarthRajmarga NH47 Chainage (5+080- 22+030, 16.95 km) Rupendehi | | 1,27,30,000.00 | 68,10,00,000.00 | 20,000 |

| Last Date and Time for Bid Purchase and submission: 2081-05-27 (12th September, 2024), within 12:00 hrs. | Date and Time for Bid Opening: 2081-05-27(12th September, 2024), At 13:00 hrs. | Bid Validity Period shall be 120 days and Bid Security Validity Period shall be 30 days beyond Bid Validity Period. |
|---|---|---|

For further details of the Notice of Invitation for bids, interested bidders are requested to visit the notice board of Road Division, Butwal or PPMO's Web Address: http://bolpatra.gov.np/egp.

**Division Chief**




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादकः टिआर शर्मा,
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com